# अष्ट्रेलिया, बाहिर कार्यरत प्रवासी एजेन्टहरुबारे जानकारी

## प्रवेश आज्ञाका आवेदकहरुको लागि सल्लाह

यो याद गर्नु जरुरी छ कि, प्रवेश आज्ञाको आवेदन पेश गर्नको लागि तपाईलाई प्रवासी एजेन्टको आवश्यकता पर्दैन । प्रवासी एजेन्टले तपाईको आवेदनलाई नत प्रभावित पार्न सक्छ नत त्यसको नतिजा के हुन्छ भन्न सक्छ नत प्रवेशआज्ञाको प्रक्रिया लाई चाडो गर्न सक्छ । अध्यागमन र नागरिक विभाग (DIAC) मा दर्ता भएको अधिकांश निवेदनहरु प्रवासी एजेन्ट द्वारा पेश भएका हुदैनन ।

तथापी, यदि भिसा (प्रवेशाज्ञा) आवेदन पेश गर्न तपाईमा आँट छैन वा तपाईको मामिला जटिल छ भने उक्त समयमा तपाईले सूचिकृत भएको प्रवासी एजेन्टको सहयोग लिन सक्नु हुन्छ ।

प्रवासी एजेन्ट जो अष्ट्रेलियामां कार्यरत छन् तिनीहरू प्रवासी एजेन्ट रजिष्ट्रेशन अधिकारीको कार्यालय (MARA को कार्यालय) मा सूचिकृत हुनु पर्दछ जुन कानूनी आवश्यकता हो । अष्ट्रेलियामा दर्ता रहेका केही प्रवासी एजेन्टहरू अन्य देशमा पनि कार्यरत छन् । दर्तावाल एजेन्टहरूको खोजी तपाईले MARA को कार्यालयको वेभसाइट www.mara.com.au बाट प्राप्त गर्न सक्नु हुन्छ ।

## आवेदनको प्रस्तुती (पेश)

तपाईले आफ्नो आवेदन सिधै DIAC मा वा तपाईको पक्षमा कुनै प्रतिनिधिद्धारा आवेदन प्रस्तुत (पेश) गर्न सक्नु हुन्छ । विभागले प्रस्तुत (पेश) गरिएको सबै आवेदन ग्रहण गर्दछ र कसले कस्तो आवेदन दियो भनेर हेर्दैन । धेरै जसो आवेदन विद्युतीय माध्यमबाट (online) दिन सकिन्छ ।

यदि कुनै दर्ता नभएको प्रवासी एजेन्ट जो अष्ट्रेलिया बाहिर अवस्थित रहेको छ र तिनीहरुवाट तपाईको पक्षमा आवेदन प्रस्तुत (पेश) भएमा त्यस्ता एजेन्टलाई एउटा परिचयात्मक अंक दिईन्छ । यो अंक DIAC को प्रशासनिक कार्यको लागि प्रयोग गरिन्छ र यस्तो अंकले नत प्रथामिकता प्रदान गर्छ नत त्यस्तो ऐजेन्टलाई कुनै सहुलियत प्रदान गर्दछ ।

भिसा सम्बन्धी जानकारी, आवेदन प्रकृया र DIAC कार्यालयको सम्पर्क ठेगाना www.immi.gov.au बाट प्राप्त हुन सक्छ ।

## प्रवासी एजेन्ट प्रयोग गर्ने निर्णय गरेमा

DIAC को सुझाव छ की, यदि तपाईले प्रवासी एजेन्ट प्रयोग गर्न चाहनु हुन्छ भने, तपाईले MARA को कार्यालयमा दर्ता रहेका एजेन्ट वा यदि त्यो सम्भव छैन भने तपाईको देशमा दर्ता रहेको एजेन्टको सहयोग लिनु उचित हुनेछ ।

यदि तपाईलाई MARA को कार्यालयमा दर्ता रहेको एजेन्ट कुनै अपराधिक क्रियाकलापमा लागेको आशंका लाग्छ भने तपाईले आफ्नो स्थानिय DIAC कार्यालयलाई सुझाव दिन सक्नु हुन्छ। MARA को कार्यालयमा दर्ता रहेका अन्य दर्तावाल एजेन्टहरुको हकमा कुनै गुनासो दिन चाहेमा www.mara.com.au मार्फत दिन सक्नु हुन्छ।

यदि तपाई अष्ट्रेलिया बाहिरका दर्ता नभएको एजेन्ट प्रयोग गर्न चाहनु हुन्छ भने, त्यस्तो एजेन्टबाट तपाईले के चाहनु भएको छ भन्ने बारे राम्ररी बुझ्नु जरुरी हुन्छ र यदि त्यस्तो एजेन्ट जालसाजी र धोखापूर्ण तरिकाले काम गरेमा त्यसको विकल्पको बारेमा पनि सोच्नु होस।

यदि कुनै दर्ता नभएको एजेन्ट कुनै अपराधिक क्रियाकलापमा लागेको तपाईलाई शंका लागेमा, त्यसको जानकारी तपाईले आफनो स्थानिय कानून कार्यान्वयन अधिकारीलाई दिनुको साथै तपाईको स्थानिय DIAC को कार्यालयलाई पनि त्यसको जानकारी दिनु होस।

## याद गर्नुहोस्

- प्रवासी एजेन्टको प्रयोग तपाईले गर्नु पर्दैन।
- यदि तपाईले प्रवासी एजेन्ट प्रयोग गर्न चाहनु हुन्छ भने दर्ता भएको एजेन्ट प्रयोग गर्नुहोस।
- DIAC ले अष्ट्रेलियामा दर्ता भएको प्रवासी एजेन्ट प्रयोग गर्ने सुझाव गर्दछ।

**थप जानकारीको लागि www.immi.gov.au मा हेर्नुस्।**